जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ३०७ | २०८३ साल असार ०९ गते मंगलवार | Tuesday-23-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## बाराको सीमावर्ती क्षेत्रमा भन्सार छलीको माछा बरामद, तस्करी नियन्त्रणमा चुनौती कायम

*बारा, ८ असार*

बाराको विश्रामपुर गाउँपालिका-१ खेखरिया सीमावर्ती क्षेत्रमा भारतबाट अवैध रूपमा नेपाल भित्र्याइँदै गरिएको ठूलो परिमाणको मरेको माछा सशस्त्र प्रहरीले बरामद गरेको छ। घटनाले सीमावर्ती क्षेत्रमा लामो समयदेखि हुँदै आएको माछा तस्करी पुनः उजागर गरेको स्थानीयले बताएका छन्।

सशस्त्र प्रहरी बलको बीओपी बरैनियाबाट सशस्त्र प्रहरी निरीक्षक सन्तोष चौलागाईंको कमाण्डमा खटिएको सात सदस्यीय मोबाइल गस्ती टोलीले सीमाक्षेत्रमा शंकास्पद गतिविधि देखेपछि निगरानी बढाएको थियो। त्यसक्रममा भारतबाट भन्सार छली गरी साइकलमार्फत नेपालतर्फ ल्याइँदै गरेको करिब ९० केजी मरेको माछा बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।



प्रहरी टोलीलाई देख्नेबित्तिकै माछा ल्याउँदै गरेका व्यक्ति साइकलसहित फरार भएका थिए। बरामद गरिएको माछाको अनुमानित मूल्य २७ हजार रुपैयाँ रहेको बताइएको छ।

बरामद माछा खान अयोग्य तथा स्वास्थ्यका दृष्टिले जोखिमपूर्ण देखिएकाले बीओपी बरैनियाको सशस्त्र प्रहरी क्याम्प परिसरभित्र खाल्टो खनी नष्ट गरिएको जनाइएको छ। माछा नष्ट गर्ने क्रममा स्थानीय जनप्रतिनिधि, पत्रकार, सीमा प्रहरी चौकी बलिरामपुर, पशु क्वारेन्टाइन कार्यालयका प्रतिनिधि तथा स्थानीयवासीहरूको उपस्थिति रहेको थियो।

स्थानीयवासीका अनुसार सीमावर्ती क्षेत्रमा भारतबाट अवैध रूपमा माछा, तरकारी तथा अन्य उपभोग्य सामग्री भित्र्याउने गतिविधि लामो समयदेखि हुँदै आएको छ। बेला-बेलामा सुरक्षाकर्मीले बरामद गरे पनि तस्करी पूर्ण रूपमा नियन्त्रण हुन नसकेको गुनासो स्थानीयको छ।

सीमा क्षेत्रमा पर्याप्त निगरानी र प्रभावकारी अनुगमनको अभावमा भन्सार छलीका गतिविधि बढ्दै गएको भन्दै स्थानीयले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्। अवैध रूपमा भित्रिने खाद्य सामग्रीले स्थानीय बजार, राजस्व संकलन तथा उपभोक्ताको स्वास्थ्यमा समेत नकारात्मक असर पार्ने भएकाले कडाइका साथ नियन्त्रण गर्नुपर्ने माग उनीहरूको छ।

## परवानीपुर गाउँपालिकाले ल्यायो ३६ करोड ६३ लाखको बजेट, कृषि, पूर्वाधार र सुशासनमा जोड

*बारा, ०८ असार*

परवानीपुर गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि ३६ करोड ६३ लाख १० हजार रुपैयाँ बराबरको वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। गाउँपालिकाको १८औँ गाउँसभामा उपाध्यक्ष सुगान्ती देवी कनैयाद्वारा प्रस्तुत नीति तथा कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियारले सभामा पेश गरेका हुन्। गाउँसभाको अध्यक्षता गाउँपालिका अध्यक्ष रामक्षेत्री प्रसाद कुर्मीले गरेका थिए। गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा "सुन्दर, समुन्नत र समृद्ध परवानीपुर" निर्माणलाई मुख्य लक्ष्य बनाएको जनाएको छ। दिगो विकास, गुणस्तरीय पूर्वाधार निर्माण, कृषि आधुनिकीकरण, शिक्षा, स्वास्थ्य, फोहोरमैला व्यवस्थापन तथा योजनाबद्ध शहरी विकासलाई प्राथमिकतामा राखिएको छ।




प्रस्तुत नीति तथा कार्यक्रममा विश्व आर्थिक अवस्थाले नेपालमा समेत प्रभाव पारेको उल्लेख गर्दै संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा समेत असर परेको जनाइएको छ। युवाहरू रोजगारीका लागि विदेशिन बाध्य भइरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै गाउँपालिकाले स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने योजनालाई प्राथमिकतामा राखेको छ।

गाउँपालिकाले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन विद्युतीय सुशासन प्रणाली विस्तार गर्ने, प्रशासनिक क्षमता अभिवृद्धि गर्ने तथा पूँजीगत खर्च वृद्धि गर्ने नीति लिएको जनाएको छ। सार्वजनिक, निजी तथा सामुदायिक साझेदारीमार्फत स्थानीय आर्थिक विकासलाई तीव्रता दिने लक्ष्यसमेत राखिएको छ। नीति तथा कार्यक्रममा कृषिलाई आधुनिकीकरण गरी उत्पादन वृद्धि गर्ने, स्वच्छ र सुरक्षित बस्ती निर्माण गर्ने तथा गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रूपमा विकास गर्ने योजना अघि सारिएको छ। नागरिक सहभागिता, पारदर्शिता र जवाफदेहितालाई जोड दिँदै सुशासनलाई थप मजबुत बनाइने उल्लेख गरिएको छ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा विभिन्न सडक तथा अधुरा नाला निर्माण कार्य सम्पन्न गरेको जानकारी पनि दिएको छ।

आर्थिक स्रोततर्फ संघीय सरकार राजस्व बाँडफाँड, समानीकरण, सशर्त, विशेष तथा समपूरक अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान, आन्तरिक स्रोत तथा स्थानीय राजस्व बाँडफाँडमार्फत बजेट व्यवस्थापन गरिएको गाउँपालिकाले जनाएको छ।

## विकासमुखी बजेट सार्वजनिक गर्दै बारागढीको नयाँ योजना

*शु.आ. सम्बाददाता*
*कलैया, ०८ असार*

बाराको बारागढी गाउँपालिका ले आर्थिक वर्ष २०८३/०८४ का लागि ३९ करोड ७७ लाख ६५ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। गाउँपालिकाको सभाहलमा सोमबार आयोजित नवौं नीति, कार्यक्रम तथा बजेट प्रस्तुतिकरण कार्यक्रममा आगामी वर्षको विकास योजना सार्वजनिक गरिएको हो।

"सुशासनयुक्त सक्षम एवं सवल स्थानीय सरकार, पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी तथा स्वरोजगार बारागढीको मूल आधार" भन्ने नारासहित प्रस्तुत गरिएको बजेटले विकास निर्माण र जनसेवालाई प्राथमिकतामा राखेको गाउँपालिकाले जनाएको छ।




सार्वजनिक बजेटअनुसार संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड तथा विशेष अनुदानमार्फत उल्लेखनीय रकम प्राप्त हुने अनुमान गरिएको छ। त्यसैगरी प्रदेश सरकारबाट पनि विभिन्न शीर्षकमा अनुदान प्राप्त हुने उल्लेख गरिएको छ। आन्तरिक आम्दानी र गत आर्थिक वर्षको बैंक मौज्दात समेटेर कुल बजेट तयार गरिएको गाउँपालिकाले जानकारी दिएको छ। खर्चतर्फ चालु तथा प्रशासनिक खर्चका साथै विकास निर्माण, कार्यालय सञ्चालन, शिक्षा, कृषि, पशुपालन, स्वास्थ्य र पूर्वाधार क्षेत्रका योजनामा प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ। गाउँपालिकाले विशेषगरी ग्रामीण सडक, खानेपानी, कृषि उत्पादन वृद्धि तथा आधारभूत सेवाको पहुँच विस्तारमा जोड दिएको जनाएको छ। कार्यक्रममा जनप्रतिनिधि तथा सहभागीहरूले गाउँपालिकाको योजनाबद्ध विकास प्रयासको प्रशंसा गरेका थिए। गाउँपालिकाका अध्यक्ष गाउँपालिका अध्यक्ष ले सीमित स्रोतसाधनका बाबजुद जनअपेक्षा अनुसार विकासलाई गति दिने प्रतिबद्धता व्यक्त गरे।

त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत प्रमुख प्रशासकीय अधिकृत को समन्वयकारी भूमिका, पारदर्शी कार्यशैली तथा बजेट व्यवस्थापन क्षमताको समेत कार्यक्रममा खुलेर प्रशंसा गरिएको थियो। जनप्रतिनिधि र कर्मचारीबीचको सहकार्यका कारण गाउँपालिकाले विकास निर्माण तथा सेवा प्रवाहमा सकारात्मक परिणाम हासिल गरेको सहभागीहरूको भनाइ थियो।

गाउँपालिकाले आगामी आर्थिक वर्षमा सुशासन, सेवा प्रवाह सुधार तथा दिगो विकासलाई केन्द्रमा राखेर कार्यक्रम कार्यान्वयन गरिने जनाएको छ।

## अस्पताल सुधारमा प्रदेश सरकार सक्रिय

*बारा, ०८ असार*

बाराको प्रादेशिक अस्पताल कलैया मा सोमबार मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री मोहम्मद समीर तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र प्रसाद साह ले संयुक्त रूपमा स्थलगत अनुगमन गरेका छन्। अनुगमनका क्रममा मन्त्रीद्वयले अस्पतालको इमर्जेन्सी वार्ड, आईसीयू, ब्लड बैंक, एक्स-रे कक्ष, प्रयोगशाला, ओपीडी, फार्मेसी, सामाजिक सेवा इकाइ तथा क्यास काउन्टर लगायतका विभिन्न सेवा शाखाको निरीक्षण गर्दै सेवा प्रवाहको अवस्थाबारे जानकारी लिएका थिए। उनीहरूले उपचारका लागि आएका सेवाग्राहीसँग प्रत्यक्ष संवाद गरी अस्पतालले प्रदान गरिरहेको सेवाप्रति प्रतिक्रिया समेत संकलन गरेका थिए।



कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री मोहम्मद समीरले अस्पतालको भौतिक पूर्वाधार विस्तारलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताएका छन्। उनले अस्पतालमा क्यान्टिन, चमेना गृह तथा नयाँ भवन निर्माणका लागि बजेट विनियोजन गरिएको जानकारी दिँदै स्वास्थ्य संस्थाको स्तरोन्नतिलाई तीव्रता दिइने बताए। उनले अस्पतालमा देखिएका व्यवस्थापकीय कमजोरी सुधार गर्न कर्मचारी तथा प्रशासनलाई निर्देशन दिँदै नागरिकले सहज र गुणस्तरीय स्वास्थ्य सेवा पाउनुपर्नेमा जोड दिए।

त्यसैगरी स्वास्थ्य मन्त्री नागेन्द्र प्रसाद साहले औषधि उपलब्धता, स्वास्थ्यकर्मीको अवस्था, उपकरण सञ्चालन तथा सेवा व्यवस्थापनबारे जानकारी लिएका थिए। उनले प्रदेश सरकारले स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति, औषधि र सेवा सुविधाको व्यवस्थापनमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरे।

अनुगमन टोलीमा विनोद साह, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जवाहिर अन्सारी, सदस्य प्रतिमा देवी यादव, मेडिकल सुपरिटेन्डेन्ट, चिकित्सक, ल्याब प्राविधिक तथा विभिन्न शाखाका कर्मचारीहरूको सहभागिता रहेको थियो।

अनुगमनका क्रममा केही विभागमा सेवा व्यवस्थापनसम्बन्धी कमजोरी देखिएपछि मन्त्रीद्वयले तत्काल सुधार गर्न निर्देशन दिएका छन्। प्रदेश सरकारले प्रादेशिक अस्पताल कलैयालाई नमुना स्वास्थ्य संस्थाको रूपमा विकास गर्न आवश्यक सहयोग गर्ने प्रतिबद्धता समेत जनाएको छ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका**

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

# अब वाचा होइन, परिणाम

नेपाली राजनीतिको परम्परागत भाष्यलाई भत्काउँदै उदाएको नयाँ शक्ति अब सडकको आक्रोशबाट सत्ताको वास्तविक परीक्षणमा प्रवेश गरेको छ । चितवनमा सुरू भएको यो राजनीतिक भेला केवल एउटा दलको आन्तरिक उत्सवमात्र नभई 'वैकल्पिक राजनीति'ले राज्यसत्ता सञ्चालनको अभिभारा बोक्न सक्छ कि सक्दैन भन्ने गम्भीर जनपरीक्षण पनि हो ।

युवा पुस्ताको अन्तिम आशाका रुपमा हेरिएको वर्तमान नेतृत्वले आफ्नो उदय कुनै आकस्मिक राजनीतिक लहरमात्र थिएन र छैन, बरू राष्ट्र निर्माणको दिगो आधार हो भन्ने प्रमाणित गर्नुपर्ने निर्मम बिन्दुमा देश आइपुगेको छ । तसर्थ, यो समय विगतका लोकप्रिय नाराहरुको मोहपासबाट मुक्त हुँदै देशको जर्जर अर्थतन्त्र र भत्किएको जनविश्वासलाई पुनर्निर्माण गर्ने ठोस र कठोर मार्गचित्र प्रस्तुत गर्ने बेला हो ।

हो, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम ऐतिहासिक महाधिवेशनले यतिबेला सम्पूर्ण देशको ध्यान तानेको छ । महाधिवेशनले देशको भावी राजनीतिक दिशा, सुशासन र विकासको मार्गचित्रलाई समेत इंगित गरेको छ । परम्परागत राजनीतिको विकल्प खोजिरहेका नागरिकका लागि रास्वपा र प्रधानमन्त्री बालेनको सहकार्यले आशाको नयाँ सञ्चार गराएको छ ।

निर्वाचनताका रास्वपाले सार्वजनिक गरेको '१०० बुँदे वाचापत्र'ले आम नागरिकका दैनिक समस्यादेखि दीर्घकालीन नीतिगत सुधार, भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाहलाई चुस्त बनाउने सपना बाँडेको थियो । अहिले रास्वपा सत्ताको महत्वपूर्ण हिस्सेदार रहेको र बालेन जस्ता 'एक्सन-ओरिएन्टेड' युवा नेता प्रधानमन्त्रीको कुर्सीमा रहँदा जनताले ती वाचाहरु अक्षरशः कार्यान्वयन हुने अपेक्षा राख्नु नौलो होइन, सर्वथा स्वाभाविक हो । महाधिवेशनको मञ्चबाट दुवै नेता सभापति रवि लामिछाने र प्रधानमन्त्री रहेका वरिष्ठ नेता बालेनले सुशासन, आर्थिक समृद्धि र देश विकासको जुन हुटहुटी व्यक्त गरेका छन्, त्यसलाई जनताले गम्भीरतापूर्वक लिएका छन् । तर, समसामयिक यथार्थ निकै चुनौतीपूर्ण छ । देश चरम आर्थिक शिथिलता, विकराल बन्दै गएको युवा पलायन, सहकारी तथा लघुवित्त पीडितका समस्या र प्रशासनिक ढिलासुस्तीले आक्रान्त छ । यस्तो अवस्थामा मञ्चका मीठा भाषणले मात्र नागरिकका भोका पेट र रित्ता घरहरु भरिने छैनन् । जनअपेक्षालाई साँच्चिकै सम्बोधन गर्ने हो भने रास्वपा र उसले हाँकेको वर्तमान सरकारले तत्काल 'पपुलिजम' (लोकरिझ्याइँ)को घेराबाट बाहिर निस्किएर परिणाममुखी 'डेलिभरी' मा केन्ि्रत हुनुपर्छ । हिजो प्रतिपक्षमा हुँदा सडकबाट प्रश्न सोध्न जति सहज थियो, आज सत्ताको कुर्सीमा बसेर समाधानको नतिजा दिन त्यति नै कठिन छ । शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा संरचनात्मक परिवर्तन ल्याउने रास्वपाको वाचा र प्रधानमन्त्री बालेनको कार्यशैलीबीच व्यावहारिक तालमेल मिलाएर देश विकासको खाका कोर्नु आजको प्रमुख आवश्यकता हो । रास्वपा र वर्तमान सरकार इतिहासकै कठिन अग्निपरीक्षामा छन् । यो महाधिवेशनले पार्टीभित्र लोकतान्त्रिक अभ्यास गर्दै केवल नेतृत्व मात्र चयन नगरोस्, बरू हिजो बाँडिएका एक सय बुँदे वाचाहरुलाई कसरी, कहिले र कुन स्रोतबाट पूरा गर्ने भन्ने स्पष्ट 'टाइमलाइन' र कार्ययोजना पनि तय गरोस्, सँगै सार्वजनिक पनि गरोस् । रास्वपा र बालेन नेतृत्वको सरकारलाई जनमतको स्पष्ट सुझाव छ- पुराना दलहरुले गरेका गल्ती दोहोऱ्याउने वा सत्ताको चास्नीमा डुब्ने छुट रास्वपा सरकारलाई पटक्कै छैन ।

व्यक्तिवादी हाबी नभई विधि, पद्धति र संस्थागत विकासमा जोड दिँदै पारदर्शी सरकार सञ्चालन गर्नुहोस् । नागरिकले अब तपाईंहरुका भाषणमा ताली बजाउन छोडेर, कामको परिणाम र आफ्नै देशमा भविष्य देख्न सकिने ठोस आधार खोजेका छन् । यो स्वर्णिम अवसर खेर फाल्नु भनेको युवा पुस्ता र देशलाई फेरि अर्को दशक चरम निराशामा धकेल्नु हो । तसर्थ, महाधिवेशनको यो ऊर्जालाई अब सिधै 'डेलिभरी'सँग जोड्न ढिला गर्नु हुँदैन ।

# बजेट : धनीलाई पोस्ने, गरिबलाई सोस्ने



रिसव गौतम

अभाव र बेरोजगारीमा जकडिएकाहरू प्रतिको सामाजिक न्याय र गरिब जनताप्रतिको सरकारी दायित्व यो बजेटले भुलेको छ। भन्नैपर्दा, उपेक्षा नै गरेको छ।

दुईतिहाइ नजिकको बहुमत पाएको रास्वपा नेतृत्वको एकमना सरकारले नयाँ बजेट ल्याइसकेको छ। आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय संसद्का दुवै सदनलाई सम्बोधन गर्दै बजेट प्रस्तुत गरे । रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकारले ल्याएको सो बजेटलाई लिएर विभिन्न कोणबाट व्याख्या र बहस भइरहेको छ।

बजेट मूलतः राजनीतिक कार्यक्रमहरूको दस्तावेज हो। त्यही भएर पनि कुनै पनि दलले चुनाव लड्नुपूर्व 'जितेपछि यी-यी कामहरू गर्छौं, यी हाम्रा प्राथमिकता हुन्' भनेर घोषणापत्र जाहेर गर्छन् । अहिलेको रास्वपा सरकारले पनि आफूले नीति, कार्यक्रम र बजेट आफ्नो दलको घोषणापत्रबमोजिम नै ल्याएको दाबी गर्ने गर्छ। त्यो स्वाभाविक पनि हो। तर दुःखको कुरा, धेरै नेपालीहरूले दलहरूका घोषणापत्र पढेर वा बुझेर भोट हाल्दैनन् । त्यसकारण चुनाव जितेपछि भोट हाल्नेहरूका अपेक्षासँग सरकारको कामकारबाहीको तादात्म्य मिल्दैन। तर, चुनाव जितेर सरकारमा गएकाहरूले बुझ्नुपर्छ– भोट हाल्नेहरूमात्र होइन, भोट नहाल्नेहरूप्रति पनि सरकारको दायित्व उस्तै र एउटै हुन्छ।

तर, सरकारले ल्याएको बजेटमा मूलतः गरिब तथा न्यून आय भएकाहरूलाई बेवास्ता गरिएको छ । अर्थतन्त्रको कुन क्षेत्रलाई प्राथमिकता दिने भन्ने कुरामा पनि अलमल देखिन्छ। आगामी आर्थिक वर्ष ७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएर २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट ल्याइएको छ। खासगरी बजेटमा मध्यम वर्गलाई बढी माया गरिएको छ र स्थिर मध्यम वर्गको विस्तार गर्ने भनेर अर्थमन्त्रीले पनि भन्दै आएका हुन्। फलस्वरूप, चालु आर्थिक वर्षमै पनि पाँच लाखसम्मको व्यक्तिगत आयमा कर छुट दिइएकोमा मध्यम वर्गको हितस्वरूप अहिले त्यसलाई दोब्बर अर्थात् १० लाखसम्म कर तिर्न नपर्ने बनाइएको छ।

अर्थात्, अब मासिक ९० हजारसम्म आय गर्न सक्नेहरूलाई फाइदा मिलेको छ र त्योभन्दा बढी कमाइ भएकाहरूलाई पनि यस प्रावधानले करको भार घटाइदिएको छ। यसको अर्थ, मध्यम तथा उच्च आय भएकाहरूलाई यो प्रावधानले सुविधा दिएको छ । अर्कोतर्फ, सरकारी कर्मचारीहरूको तलब २१ प्रतिशतले बढेको छ। यो त उनीहरूलाई नपुगेरै बढाइएको होला, त्यसमा खास आपत्ति होइन। तर देशको विद्यमान राजस्वको स्रोतले कति धान्ला र त्यसले उपभोक्ता महँगी कति बढाउनेछ, त्यो भने बजेट कार्यान्वयनमा गएपछि थाहा होला। तर मध्यम वर्ग, उच्च वर्ग र सरकारी तलब खानेहरूलाई जसरी बजेटले ध्यान दिएको छ, त्यसरी न्यून मध्यम वर्ग र गरिब तथा बेरोजगार वर्गप्रति अलिकति पनि बजेटले सोचेको छैन।

हेक्का रहोस्, राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांकअनुसार नेपालमा २०.२७ प्रतिशत मानिस गरिबीको रेखामुनि छन्। झन्डै तीन करोड (२ करोड ९१ लाख) जनता रहेको नेपालमा ६२ लाख ६६ हजारभन्दा बढी अर्थात् प्रत्येक पाँच जनामा एकजना मानिस गरिब छन्। तर यत्रो राष्ट्रिय बजेटले तिनीहरूलाई सहुलियत दिने, स्तरोन्नतिमा सघाउने र रोजगारी दिने गरी अलिकति पनि सोचेको छैन । अर्कोतर्फ, न्यून मध्यम वर्ग (मासिक ३०-६० हजार आम्दानी) र गरिब वर्ग गरी नेपालमा त्यो खालको जनसंख्या डेढ करोडभन्दा ज्यादा छ भन्ने अनौपचारिक तथ्यांक छ । समग्रमा भन्ने हो भने करिब डेढ करोड जनसंख्यालाई यो बजेटले राम्ररी छोएको छैन।

फगत सामाजिक सुरक्षा भत्ता र दलित बालबालिकालाई विगतदेखि नै दिइँदै आइएको पोषण भत्तालाई देखाएर 'गरिब वर्गलाई पनि हेरेको छु है' भनेर स्यालहुइँया मच्चाइएको छ । तर, बजेटले मुख्यगरी मासिक एक लाख वा सोभन्दा बढी आम्दानी गर्ने स्थायी जागिरे तथा उच्च वर्ग र ठूला आयात-निर्यात गर्ने व्यवसायीहरूलाई मात्र पोषण दिएको छ। सामाजिक न्याय र गरिब जनताप्रतिको राज्यको जिम्मेवारी यसले भुलेको छ। वास्तवमा भन्ने हो भने सरकार वा राज्य धनीलाई भन्दा बढी गरिब तथा असहायलाई चाहिन्छ। किनकि, धनी आफैंमा सक्षम हुन्छन् र धन आफैंमा सत्ता पनि हो। धन भएकाहरू जहाँबाट जसरी पनि खान सक्छन्, आफ्ना आवश्यकता पूरा गर्न स्वदेश वा विदेश जहाँ पनि जान सक्छन् । तर, गरिबहरू 'गर वा मर'को विकल्पमा हुन्छन्। त्यसकारण उनीहरूलाई सरकारले हेर्नुपर्छ।

जस्तो कि, २१ खर्ब २४ अर्बको यो बजेटलाई कतिपयले महत्वाकांक्षी भयो, स्रोत कहाँबाट खोज्छन् भनेर अर्थमन्त्रीलाई प्रश्न पनि गरेका छन्। तर बजेटले महत्वाकांक्षा राख्नु नराम्रो होइन। फेरि ऋण उठाएर पनि ऋण रकमको सही सदुपयोग हुन सक्यो भने राम्रै हो। हिजोका सरकारहरूले ऋण लिन हुने र यो सरकारले नहुने भन्ने होइन । फेरि सरकारले आगामी आर्थिक वर्ष साढे ६ खर्ब सार्वजनिक ऋण लिन्छु भनिरहेको छ, त्यसमध्ये आधा अर्थात् तीन खर्बभन्दा बढी त पुरानै ऋण तिर्नकै लागि हो। त्यस्तै, २७ वटा राष्ट्रिय गौरवका आयोजनाहरू निर्माणाधीन छन्। तिनका लागि स्रोत सुनिश्चित गर्नु सरकारको मूल दायित्व हो। ती आयोजनाहरू निर्माणमा जति ढिलाइ हुन्छ, त्यति नै लागत बढाउने र उत्पादकत्व घटाउने सम्भावना हुन्छ । त्यसकारण जनताको ढाड सेकेर अनेक आयामको कर लगाई राजस्वको स्रोत खोज्नुभन्दा दीर्घकालीन सोचेर आन्तरिक तथा बाह्य ऋणको बलमा पूर्वाधारको विकास सम्पन्न गर्नु बुद्धिमानी हुन्छ। विडम्बना, सरकारले स्कुल तथा कलेज फिमा कर, निजी अस्पतालमा गरिने उपचारमा कर, ५० युनिटमाथिको बिजुली उपभोगमा भ्याट, सेयर बिक्री गर्दा हुने पुँजीगत लाभकर वृद्धिदेखि अनेक आयाममा कर विस्तार गरेको छ। जसबाट जनताको चुलोचौकी थप महँगो पर्ने निश्चित छ । अर्कोतर्फ, यो बजेट अर्थमन्त्रीले भन्दै आउनुभएजस्तो रूपान्तरणकारी होइन । किनभने, रूपान्तरणकारी बजेटले अर्थतन्त्रका मुख्य संरचनाहरू जस्तो– कृषि, उद्योग र आयात-निर्यातलाई नयाँ गति (स्पिड) मा बदल्ने आँट गर्छ। यो बजेटले त त्यो गरेको छैन। बरु एआई र आईटी क्षेत्रजस्तो रोजगारी र आयआर्जनको हिसाबले उदीयमान तर साँघुरो क्षेत्रलाई बढावा दिएको छ । यद्यपि, ऊर्जा क्षेत्रलाई भने बजेटले माया गरेको छ । मूल रूपमा कुन सेक्टरले अर्थतन्त्र तान्ने हो भन्ने कुरामा बजेटमा रणनीतिक स्पष्टता छैन। उद्योग विस्तारको स्पष्ट योजना छैन र श्रमलाई उत्पादनसँग जोड्ने नीति कमजोर छ। तर पनि, प्रसारण लाइन विस्तारमा सरकारले ७० अर्ब छुट्ट्याएर ऊर्जा व्यापारका लागि दिशा प्रदान गरेको छ। ऊर्जा राजमार्ग विस्तारबिना त्यसको व्यापार सम्भव पनि छैन । फेरि नेपालको सम्भावनाको क्षेत्र कृषि, ऊर्जा र पर्यटन नै हो। त्यसमध्ये बजेटले होटल, पर्यटन र ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि राम्रै गरेको छ। आगामी आर्थिक वर्षमै १ हजार ४० मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोड्ने सरकारको लक्ष्य पनि छ। त्यसकारण ऊर्जामा बजेट सही छ।

स्टार्टअप तथा नवप्रवर्तनमा बजेट छुट्ट्याइए पनि त्यसमा ठोस कार्यक्रम ल्याइएको छैन। मूल रूपमा सरकार यस वर्ष पनि बेरोजगारी समस्या समाधान र युवाहरूमा उद्यमशीलता विकासका लागि तत्पर देखिएन। तर, निजी क्षेत्रका स्थापित उद्योगी र व्यापारीका मागहरू यसपटक सम्बोधन भएका छन्। खासगरी उद्योग क्षेत्रका लागि २ सय ७३ कच्चा पदार्थ आयातमा भन्सार कर घटाइएको छ। निर्यातबाट आर्जित आयमा ५० प्रतिशत कर छुट दिइएको छ । ३ सय ६० वस्तुहरूमा लगाइँदै आइएको अन्तःशुल्क हटाइएको छ। केही सीमित वस्तुहरू जो अन्तःशुल्क करको उद्देश्यसँग सम्बन्धित छन्, ती मात्र बाँकी राखिएको छ। ठूला होटल तथा पर्यटन प्रवर्द्धन गर्ने कुरामा सरकारले थप सुविधा दिएको छ भने सेयर बजारमा गैरआवासीय नेपालीलाई सहभागी गराउने कानुनी व्यवस्था गर्ने भनिएको छ।

फलस्वरूप, अर्थमन्त्रीले निजी क्षेत्रका छाता संगठन– नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, इप्पानलगायत संघसंस्थाहरूबाट खुसी बटुलेका छन्। उनीहरूको चासो 'बजेट कार्यान्वयन होस्' भन्ने देखिन्छ । अर्कोतर्फ, सरकारले २२ वटा मन्त्रालयलाई घटाएर १८ वटामा झारेको छ र ३१ वटा सरकारी निकायलाई खारेज गरेको छ, जुन सरकारको प्रशासनिक खर्चको हिसाबले राम्रो हो। त्यसैगरी, तालिम, भ्रमण र प्रशासनिक खर्च घटाउने प्रयास पनि यस पटकको बजेटले गरेको छ। यति हुँदाहुँदै पनि सरकारले यसपटक स्कुल फिमा ३ प्रतिशत र बिजुली खपतमा (५० युनिटभन्दा माथि) ५ प्रतिशत जो कर लगाएको छ, त्यो चाहिने काम होइन । किनकि, बिजुलीको खपत बढाउनुपर्ने र ऊर्जाका अन्य विकल्पहरू कम गर्दै लैजानुपर्नेमा त्यसलाई सरकारले निरुत्साहित गरेर दैनिकी थप महँगो बनाएको छ।

बजेटले किसानलाई पनि ठूलो र सानो भनेर विभेद गरेको छ । जस्तो कि, न्यूनतम दुई करोडसम्म लगानी गर्ने किसानलाई ४० करोडसम्म प्रोत्साहन अनुदान दिने भनेको छ । तर दुई करोड नहुने, दुई-चार लाख पनि नहुने गरिब किसानलाई बजेटले पूरै बेवास्ता गरेको छ । फेरि आर्थिक वर्ष २०८२/८३ मा १६ खर्ब चानचुन ( मध्यावधि समीक्षाबाट संशोधन गरिएको) मा सीमित गरिएको बजेट आगामी आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब भनेर ३५ प्रतिशतले बढाएर ल्याइएको छ । यसरी बजेटको आकार ३५ प्रतिशतले बढेर आउँदा ५२ प्रतिशत मानिस आश्रित कृषि क्षेत्रको भने बजेट घटाइएको छ। कृषिमा १० अर्बभन्दा बढी बजेट घटाएर ४६ अर्ब ५२ करोडमा सीमित गरिएको छ। यो पनि एउटा गलत कदम भएको छ।

शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा छुट्ट्याइएको बजेट त पोहोर-परारकै जस्तो छ। त्यसैगरी कर बढाइनुपर्ने सुर्तीजन्य तथा मदिरामा सीमित करमात्र बढाइएको छ। समग्रमा बजेट मध्यम वर्ग तथा उच्च वर्ग लक्षित छ । अर्थतन्त्रको मूलप्रवाह कृषि, श्रम बजार र पर्यटनभन्दा पनि एआई र सूचना प्रविधिजस्ता क्षेत्रलाई आवश्यकताभन्दा बढी फुर्काइएको छ । अभाव र बेरोजगारीमा जकडिएकाहरूप्रतिको सामाजिक न्याय र गरिब जनताप्रतिको सरकारी दायित्व यो बजेटले भुलेको छ । भन्नैपर्दा, उपेक्षा नै गरेको छ।

**जनहितमा जारी सन्देश**

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।


फतुवा विजयपुर नगरपालिका, लक्ष्मिनिया (दो.) रौतहट

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# अमेरिकी कम्पनीमाथि चीनको नयाँ प्रतिबन्ध, व्यापार र रक्षा क्षेत्रमा तनाव

***बेइजिङ-*** अमेरिका र चीनबीच प्रविधि, व्यापार तथा रक्षा क्षेत्रमा बढ्दो प्रतिस्पर्धाका बीच चीनले १० अमेरिकी कम्पनीमाथि नयाँ निर्यात नियन्त्रण लगाएको छ । अमेरिकी प्रशासनले चिनियाँ कम्पनीहरूलाई कालोसूचीमा राखेपछि बेइजिङले त्यसको प्रतिकारस्वरूप रक्षा र दुर्लभ पृथ्वी खनिज क्षेत्रमा सक्रिय अमेरिकी कम्पनीहरूलाई लक्षित गर्दै प्रतिबन्धात्मक कदम चालेको हो ।



चीनको वाणिज्य मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा अमेरिकी सरकारले केही चिनियाँ कम्पनीहरूलाई तथाकथित 'चिनियाँ सैन्य उद्यम सूची' मा समावेश गरेपछि राष्ट्रिय सुरक्षाको हितमा नयाँ निर्यात नियन्त्रण लागू गरिएको जनाएको छ ।

यो कदम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच हालै भएको भेटवार्तापछि सम्बन्ध सुधारको प्रयास भइरहेका बेला आएको हो । दुवै देशले व्यापार शुल्क घटाउने सहमति गरे पनि प्रविधि, रक्षा र सुरक्षा क्षेत्रका विवाद भने निरन्तर गहिरिँदै गएका छन् ।

यस महिनाको सुरुआतमा अमेरिकाले चिनियाँ सेनासँग सम्बन्ध रहेको आरोप लगाउँदै ८० चिनियाँ कम्पनी तथा तिनका सहायक संस्थालाई कालोसूचीमा राखेको थियो । सूचीमा प्रविधि क्षेत्रका अलिबाबा र बाइडुका साथै विद्युतीय सवारी निर्माता बीवाईडी पनि परेका थिए । त्यसपछि चीनले प्रतिकारात्मक कदम चाल्ने संकेत दिएको थियो ।

चीनले प्रतिबन्ध लगाएका कम्पनीहरूमध्ये अमेरिकी रक्षा तथा एयरोस्पेस क्षेत्रसँग सम्बन्धित एभिओक्स र ओस्कोश डिफेन्स प्रमुख छन् । ओस्कोश डिफेन्स अमेरिकी सैन्य सवारीसाधन उत्पादनमा संलग्न छ भने एभिओक्सले अमेरिकी सेनासँग विभिन्न रक्षा सम्झौता गर्दै आएको छ ।

यस्तै, दुर्लभ पृथ्वी खनिज उत्पादन गर्ने एमपी मटेरियल्स र युएसए रेयर अर्थ पनि नयाँ प्रतिबन्ध सूचीमा समावेश भएका छन् । चीनले सूचीबद्ध कम्पनीहरूलाई दोहोरो प्रयोगमा आउने सामग्री तथा प्रविधि निर्यात गर्न रोक लगाएको छ ।

वाणिज्य मन्त्रालयले सम्बन्धित सबै निर्यात गतिविधि तत्काल प्रभावबाट स्थगित गर्न निर्देशन दिएको छ । चीनमा उत्पादित दोहोरो प्रयोगका सामग्री कुनै पनि देश वा क्षेत्रमार्फत ती कम्पनीहरूलाई उपलब्ध गराउन नपाइने मन्त्रालयले स्पष्ट गरेको छ ।

यसैबीच चीनको वित्त मन्त्रालयले सार्वजनिक खरिद प्रक्रियामा संलग्न सरकारी निकायलाई ४६ अमेरिकी कम्पनीका उत्पादन खरिद गर्न प्रतिबन्ध लगाउने घोषणा गरेको छ । प्रतिबन्धित सूचीमा लकहिड मार्टिन, रेथियोन र बोइङको रक्षा विभागका उत्पादनहरू पनि समावेश छन् ।

जनरल डायनामिक्स, एन्डुरिल इन्डस्ट्रिजका केही विभाग तथा अन्य एयरोस्पेस कम्पनीहरू पनि प्रतिबन्धको दायरामा परेका छन् । यद्यपि चीनमा सञ्चालन भइरहेका अमेरिकी लगानी भएका कम्पनीहरूलाई भने यी उपायबाट बाहिर राखिएको वित्त मन्त्रालयले जनाएको छ । नयाँ नियम सोमबारदेखि लागू भएको छ ।

चीनले यसअघि पनि ताइवानलाई अमेरिकी हतियार बिक्री गरिएको आरोप लगाउँदै सन् २०२४ र २०२५ मा यिनैमध्ये केही अमेरिकी कम्पनी तथा तिनका सहायक संस्थामाथि प्रतिबन्ध लगाइसकेको थियो ।

ताइवानले बेइजिङको बढ्दो सैन्य र राजनीतिक दबाबको सामना गर्न अमेरिकाको सहयोगमा ठूलो निर्भरता राख्दै आएको छ । चीनले ताइवानलाई आफ्नो अभिन्न भूभागको हिस्सा दाबी गर्दै आवश्यक परे बल प्रयोग गर्न सक्ने चेतावनी दिँदै आएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले यस महिनामात्र ताइवानका लागि प्रस्तावित १४ अर्ब अमेरिकी डलर बराबरको हतियार प्याकेज समीक्षा प्रक्रियामा रहेको जानकारी दिएका थिए । मे महिनामा सी जिनपिङसँगको भेटपछि राष्ट्रपति ट्रम्पले अमेरिका-चीन सम्बन्ध सुधारको सन्देश दिन खोज्नुभएको थियो । गत साता फ्रान्समा सम्पन्न जी-७ सम्मेलनका क्रममा उनले इरानसँगको अमेरिकी विवादमा तटस्थ भूमिका खेलेको भन्दै चिनियाँ नेतृत्वको प्रशंसा पनि गरेका थिए ।

तर पछिल्ला प्रतिबन्धात्मक कदमहरूले विश्वका दुई ठूला अर्थतन्त्रबीच व्यापार, प्रविधि र सुरक्षा क्षेत्रमा प्रतिस्पर्धा अझ तीव्र बन्दै गएको संकेत गरेका छन् ।

# देवाही..........

बनाउने, कृषि उत्पादन वृद्धि गर्ने, शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार गर्ने तथा पूर्वाधार विकासलाई थप गति दिने कार्यक्रमहरू अघि सारेको जनाएको छ ।

नगरसभामा वडा नं. १ देखि ९ सम्मका वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, विभिन्न राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

नगरसभाले प्रस्तुत नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गर्दै नगरको दिगो विकास, सुशासन प्रवर्द्धन र जनताको जीवनस्तर उकास्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# गढीमाई..............

योजनाहरूलाई प्राथमिकताका आधारमा भुक्तानी गर्ने तथा ठूला पूर्वाधार आयोजनाहरू संघ, प्रदेश र विकास साझेदार संस्थाहरूको सहकार्यमा सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

आगामी आर्थिक वर्षका लागि सडक पूर्वाधार, शहरी आवास, खानेपानी तथा सरसफाइ, नदी नियन्त्रण, शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, पर्यटन, युवा तथा खेलकुद, सामाजिक सुरक्षा, वन तथा पशुपालन क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । नगरभित्रका सडकलाई क्रमशः ढलान तथा कालोपत्रे गर्ने, डिजिटल माध्यमबाट सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा स्वच्छ, सफा र हरियाली नगर निर्माण अभियानलाई तीव्रता दिने नीति लिइएको छ ।

यस्तै, दलित, भूमिहीन, अव्यवस्थित बसोबासी तथा सुकुम्बासीहरूको समस्या समाधानलाई उच्च प्राथमिकतामा राखिएको छ भने आन्तरिक राजस्व वृद्धि, संस्थागत सुशासन, मुस्कानसहितको सेवा प्रवाह, सांस्कृतिक सम्पदा संरक्षण तथा यातायात र सञ्चार क्षेत्रको विकासलाई समेत नीति तथा कार्यक्रमको महत्वपूर्ण आधार बनाइएको छ ।

नगरपालिकाले प्रस्तुत गरेको बजेट तथा नीति कार्यक्रमले पूर्वाधार विकास, आर्थिक समृद्धि, सामाजिक समावेशिता र सुशासनलाई केन्द्रमा राख्दै गढीमाई नगरपालिकालाई आधुनिक, व्यवस्थित र नागरिकमैत्री नगरका रूपमा विकास गर्ने लक्ष्य लिएको जनाएको छ ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

विश्रामपुर गाउँपालिका, विश्रामपुर, बारा

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

परवानीपुर गाउँपालिका, परवानीपुर, बारा




## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# अवैध निकासीको आशंकामा बाराबाट ५७ लाख बढीको खरबुजाको बिउसहित ट्रक नियन्त्रणमा

*बारा, ८ असार*

बारामा प्रहरीले करिब २३ लाख रुपैयाँ मूल्य बराबरको खरबुजाको बिउसहित एक ट्रक नियन्त्रणमा लिएको छ। अवैध रूपमा चोरी निकासी गर्न लागिएको सूचनाका आधारमा प्रहरीले ट्रकसहित चालकलाई नियन्त्रणमा लिएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार आइतबार राति सिम्रौनगढ नगरपालिका-६ पावरहाउस क्षेत्रमा सिम्रौनगढबाट महोत्तरीतर्फ जाँदै गरेको ना ४ ख ८३४१ नम्बरको ट्रकलाई इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको गस्ती टोलीले रोकी जाँच गरेको थियो।



जाँचका क्रममा ट्रकभित्र ३१४ बोरा खरबुजाको बिउ फेला परेको प्रहरीले जनाएको छ। बरामद बिउको तौल करिब १२ हजार ५६० किलोग्राम रहेको र त्यसको अनुमानित मूल्य २२ लाख ९९ हजार २३३ रुपैयाँ रहेको जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक मीनबहादुर घलेले जानकारी दिए।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानमा उक्त बिउ अवैध रूपमा बाहिर पठाउन लागिएको खुलेको छ। बरामद बिउसँगै ट्रकको अनुमानित मूल्य ३५ लाख रुपैयाँ गरी कुल ५७ लाख ९९ हजार २३३ रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

घटनामा संलग्न रहेको आरोपमा ट्रक चालक परवानीपुर गाउँपालिका-३ निवासी ३१ वर्षीय प्रवेज आलमलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ। बरामद गरिएको बिउ, ट्रक तथा चालकलाई थप अनुसन्धान र आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा पठाइएको प्रहरीले जनाएको छ।

# बारामा मोटरसाइकलको ठक्करबाट तीन जना गम्भीर घाइते

*बारा, ०८ असार*

बाराको जितपुरसिमरा उपमहानगरपालिका-९ छातापिप्रास्थित वीरगञ्ज-पथलैया सडकखण्डमा मोटरसाइकलले पैदल यात्रुलाई ठक्कर दिँदा तीन जना गम्भीर घाइते भएका छन्। प्रहरीका अनुसार आइतबार साँझ करिब ५:४० बजे जितपुरबाट वीरगञ्जतर्फ जाँदै गरेको बा ६८ प ७४९१ नम्बरको मोटरसाइकलले सडक पार गर्दै गरेका एक पुरुष पैदल यात्रुलाई ठक्कर दिएको हो।



दुर्घटनामा पैदल यात्रीसहित मोटरसाइकल चालक र मोटरसाइकलको पछाडि सवार अर्का एक पुरुष गरी तीन जना घाइते भएका छन्। घाइतेहरूको नाम, थर र ठेगाना भने खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ। घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय जितपुरबाट प्रहरी बरिष्ठ नायव निरीक्षक उमेश निरौलाको कमाण्डमा ट्राफिक प्रहरीसहितको टोली घटनास्थल पुगेको थियो। प्रहरीले घाइतेहरूको तत्काल उद्धार गरी उपचारका लागि वीरगञ्ज पठाएको जनाएको छ।

प्रहरीका अनुसार तीनै जनाको अवस्था गम्भीर रहेको छ। दुर्घटनामा संलग्न मोटरसाइकल इलाका प्रहरी कार्यालय जितपुरको नियन्त्रणमा रहेको तथा घटनापछि सडक अवरुद्ध नभएको प्रहरीले जनाएको छ।

# पत्रकार महासंघ मधेश प्रदेशको पाँचौं साधारणसभाबाट ७ बुँदे घोषणापत्र जारी

*शु.आ. सम्बाददाता*
*बारा, ०८ असार*

नेपाल पत्रकार महासंघ मधेश प्रदेशको पाँचौं साधारणसभा महोत्तरीको बर्दिबासस्थित गौतम होटलमा सम्पन्न भएको छ। साधारणसभाले संघीयता, प्रेस स्वतन्त्रता, पत्रकारिता आचारसंहिता तथा सञ्चारमाध्यमको अधिकारसँग सम्बन्धित विभिन्न विषय समेट्दै ७ बुँदे घोषणापत्र जारी गरेको हो।

महासंघका महासचिव शैलेन्द्र महतो 'क्रान्ति'द्वारा जारी घोषणापत्रमा संघीय सरकारले परिपत्रमार्फत प्रदेश तथा स्थानीय सरकारको अधिकार क्षेत्रमा हस्तक्षेप गरेको भन्दै त्यसलाई संविधान र संघीयताको मर्मविपरीत कदमका रूपमा टिप्पणी गरिएको छ। यस्ता गतिविधिविरुद्ध प्रदेश तथा स्थानीय सरकारसँग सहकार्य गर्दै प्रतिकार गरिने उल्लेख गरिएको छ।

त्यस्तै, निजी सञ्चारमाध्यमलाई विज्ञापनबाट वञ्चित गर्ने संघीय सरकारको प्रेसविरोधी परिपत्र तत्काल खारेज गराउन निरन्तर दबाब सिर्जना गरिने घोषणापत्रमा उल्लेख छ। पत्रकार महासंघले मधेश प्रदेश सरकारसँग समन्वय गरी प्रदेश समिति तथा आठवटै जिल्ला शाखाको संस्थागत सुदृढीकरणका लागि पहल जारी राख्ने जनाएको छ।




घोषणापत्रमा प्रदेश तथा स्थानीय तहलाई प्रेसमैत्री बनाउन आवश्यक नीति, कानुन तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि सहकार्य गरिने प्रतिबद्धता व्यक्त गरिएको छ। साथै पत्रकारिता आचारसंहिताविपरीत हुने गतिविधिको जिम्मेवारी सम्बन्धित व्यक्तिकै हुने र त्यस्ता घटनामा प्रेस काउन्सिल नेपाल वा अन्य निकायले कारबाही गर्दा महासंघले हस्तक्षेप नगर्ने स्पष्ट पारिएको छ।

सामाजिक सञ्जालमा गरिएका व्यक्तिगत अभिव्यक्तिलाई पत्रकारितासँग जोडेर गलत भाष्य निर्माण गर्ने प्रवृत्तिविरुद्ध सचेतना अभियान सञ्चालन गरिने पनि घोषणापत्रमा उल्लेख गरिएको छ।

महासंघले पत्रकारिताको नाममा हुने अनैतिक, गैरकानुनी तथा पेशाविपरीत गतिविधिप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्ने जनाएको छ। दोषीमाथि कारबाहीका लागि सम्बन्धित निकायलाई सहयोग गरिने तर विभिन्न जालझेलमार्फत पत्रकारलाई फसाउने गतिविधिविरुद्ध भने निरन्तर संघर्ष गरिने महासंघको भनाइ छ।

साधारणसभा सफल बनाउन सहयोग पुऱ्याउने प्रमुख अतिथि, विशिष्ट अतिथि, विभिन्न तहका पदाधिकारी, सदस्य, सल्लाहकार, प्रतिनिधि तथा सहभागीहरूप्रति महासंघले आभार व्यक्त गरेको छ। साथै सम्पूर्ण पत्रकारलाई संघीयता, लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा सधैं अडिग रहन अपिल गरिएको छ।

# छिपहरमाई गाउँपालिकामा डिजिटल हाजिरी प्रणाली लागू, मन्त्रालयबाटै अनुगमन हुने

*राजन कुमार बानियाँ*
*पर्सा, ०८ असार*

पर्साको छिपहरमाई गाउँपालिकाले कर्मचारीहरूको नियमितता, अनुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन डिजिटल हाजिरी प्रणाली लागू गरेको छ। गाउँपालिकाले कार्यालयमा कार्यरत कर्मचारीहरूका लागि परम्परागत रजिस्टर हटाएर डिजिटल माध्यमबाट हाजिरी गर्ने व्यवस्था सुरु गरेको जनाएको छ।

गाउँपालिका अध्यक्ष मनोज कुमार गुप्ताका अनुसार गाउँपालिकामा जडान गरिएको डिजिटल हाजिरी प्रणालीको कनेक्सन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको सूचना तथा प्रविधि शाखा (DoIT) सम्म जोडिएको छ। यसमार्फत मन्त्रालयबाटै कर्मचारीहरूको हाजिरी तथा उपस्थितिको निगरानी गर्न सकिने व्यवस्था गरिएको उनले बताए।

अध्यक्ष गुप्ताले कर्मचारीहरूलाई कार्यालय समयभित्र अनिवार्य रूपमा फिंगर प्रिन्टमार्फत हाजिरी गर्न निर्देशन दिएका छन्। उनका अनुसार बिहान ९ बजेदेखि ९:१५ बजेसम्म मात्र हाजिरी गर्न पाइनेछ। निर्धारित समयभित्र हाजिरी नगरेमा त्यस दिनको हाजिरी रोकिने तथा सम्बन्धित कर्मचारीलाई कारबाहीको दायरामा ल्याइने चेतावनी समेत दिइएको छ।



गाउँपालिकाले प्रत्येक कर्मचारीले दिनमा दुई पटक डिजिटल हाजिरी गर्नुपर्ने नियम बनाएको जनाएको छ। नेपाल सरकारको नियमअनुसार बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कार्यालयमा उपस्थित भएर सेवाग्राहीको कामकाज गर्नुपर्ने भएकाले सोहीअनुसार कार्यसम्पादन गर्न निर्देशन दिइएको अध्यक्ष गुप्ताले बताएका छन्। गाउँपालिकाका अनुसार डिजिटल हाजिरी प्रणाली लागू भएपछि कर्मचारीको उपस्थिति तथा सेवा प्रवाहमा थप पारदर्शिता र प्रभावकारिता आउने अपेक्षा गरिएको छ। साथै संघीय मन्त्रालयबाटै प्रत्यक्ष अनुगमन हुने भएकाले कर्मचारीहरू थप जिम्मेवार बन्ने विश्वास गाउँपालिकाले लिएको छ।

# देवाही गोनाहीको १३ औं नगरसभा सम्पन्न, ४४ करोड भन्दा बढी बजेट प्रस्तुत

*रुपेश यादव*
*रौतहट, ०८ असार*

रौतहटको देवाही गोनाही नगरपालिकाको ११औं नगरसभा तथा आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम र बजेट सभा सम्पन्न भएको छ।

"समृद्ध देवाही गोनाही, सुशासन र दिगो विकास हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ सोमबार नगर कार्यपालिकाको कार्यालय प्रेमपुर गोनाहीमा आयोजित नगरसभामा आगामी आर्थिक वर्षका लागि ४४ करोड ६८ लाख ६५ हजार रुपैयाँको बजेट प्रस्तुत गरिएको हो।

नगर प्रमुख प्रेमलाल साहको अध्यक्षतामा सम्पन्न सभामा उपप्रमुख परनिया देवी पटेलको तर्फबाट वडा नं. ४ का अध्यक्ष रामप्रवेश प्रसाद पटेलले नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुभएको थियो।




प्रस्तुत बजेटले विगतदेखि सुस्त रहेको विकास प्रक्रियालाई तीव्रता दिँदै सामाजिक न्यायसहितको पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको जनाइएको छ। शिक्षा, स्वास्थ्य, कृषि तथा भौतिक पूर्वाधार क्षेत्रलाई विशेष प्राथमिकता दिइएको बजेटमा बेरोजगार युवालाई रोजगारीका अवसर सिर्जना गर्ने तथा आर्थिक, सामाजिक र भौतिक विकासमार्फत नगरको समग्र समृद्धि हासिल गर्ने लक्ष्य लिइएको छ।

नगरपालिकाले आगामी आर्थिक वर्षमा आधारभूत सेवा प्रवाहलाई प्रभावकारी

बाँकी तेश्रो पृष्ठमा

# गढीमाईको १३औँ नगरसभा सम्पन्न, ५९ करोड २२ लाखको बजेटमार्फत पूर्वाधार र सुशासनमा विशेष जोड

*राजकुमार यादव*
*रौतहट, ०८ असार*

रौतहट स्थित गढीमाई नगरपालिका ले आर्थिक वर्ष २०८३/०८४ का लागि ५९ करोड २२ लाख ५५ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ। "मेरो नगर म बनाउँछु" भन्ने नारासहित सोमबार सम्पन्न १३औँ नगरसभामा नगर प्रमुख श्याम प्रसाद यादव ले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत गरेका हुन्।




नगरसभाका प्रमुख अतिथि मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा यादव ले स्थानीय तहको विकास, सुशासन र जनउत्तरदायी सेवा प्रवाहमा जनप्रतिनिधिहरूको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै विकास निर्माणका कार्यहरूलाई प्रभावकारी ढंगले अघि बढाउन आग्रह गरे।

नगरसभामा नगर उपप्रमुख स्मिता कुमारी यादव, वडा नं. १ देखि ९ सम्मका वडाध्यक्ष, कार्यपालिका सदस्य, जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

प्रस्तुत बजेटअनुसार चालुतर्फ ४० करोड ९० लाख ४० हजार रुपैयाँ तथा पूँजीगततर्फ १८ करोड ३२ लाख ८ हजार रुपैयाँ विनियोजन गरिएको छ। नगरपालिकाले आगामी आर्थिक वर्षको खर्च व्यवस्थापनका लागि आन्तरिक आय, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँडलाई प्रमुख स्रोतका रूपमा निर्धारण गरेको छ।

बजेटका स्रोतहरूमध्ये आन्तरिक आय २ करोड ८० लाख रुपैयाँ, संघीय सरकारको समानिकरण अनुदान ११ करोड ३७ लाख रुपैयाँ, सशर्त अनुदान २८ करोड १८ लाख रुपैयाँ, राजस्व बाँडफाँड ११ करोड १८ लाख रुपैयाँ रहेको छ।

त्यसैगरी मधेश प्रदेश सरकारबाट समानिकरण, विशेष, समपुरक, सशर्त अनुदान तथा राजस्व बाँडफाँडमार्फत विभिन्न शीर्षकमा बजेट प्राप्त हुने जनाइएको छ। साथै सडक बोर्ड नेपाल बाट ४० लाख रुपैयाँ प्राप्त हुने उल्लेख गरिएको छ।

नगर प्रमुख यादवले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा नगर गौरवका योजनाहरूलाई निरन्तरता दिने, विगत आर्थिक वर्षमा स्रोत अभावका कारण भुक्तानी हुन बाँकी रहेका

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - फेटा गाउँपालिका, बारा